## ERRIN का बारेमा

### आप्रवासीहरूको फिर्ती र पुनर्स्थापना सम्बन्धमा संयुक्त पद्धतिमा सहजीकरण गर्दै

**युरोपेली फिर्ती तथा पुनर्स्थापना सञ्जाल (ERRIN – European Return and Reintegration Network)** भनेको १५ साझेदार देशहरूको कन्सोर्टियम हो जसले युरोपमा बस्न नपाउने वा बस्न नचाहने आप्रवासीहरूको फिर्ती तथा पुन: समायोजना प्रक्रियामा सहजीकरण गर्छ । सञ्जालले आफ्नो मूल देश फर्कन गइरहेका व्यक्तिहरूका विभिन्न प्रकारका आवश्यकताहरूलाई पूरा गर्न परामर्श लगायत आफ्नै स्वदेशमा पुनर्स्थापना गराउन सहयोग प्रदान गर्छ ।

यो कार्यक्रम अन्तर्गत कारितास इन्टरनेसनल बेल्जियम (CIB) नेपालका लागि सेवा प्रदायक रूपमा काम गर्ने सम्झौता गरिएको संस्था हो । स्वैच्छिक र गैर-स्वैच्छिक दुवै रूपमा स्वदेश फर्कने व्यक्तिहरूलाई नेपालमा पुनर्स्थापना गर्ने क्रममा सुरुवाती चरणमा सहयोग पुर्याउन CIB ले स्थानीय सेवा प्रदायकका रूपमा कारितास नेपालसँग मिलेर काम गर्छ ।

ERRIN युरोपेली संघको शरण, आप्रवास र समायोजन कोष (AMIF) बाट वित्तीय सहयोग प्राप्त संस्था हो र यसले सहभागी राष्ट्रिय निकायहरूबाट सह-वित्तीय सहयोग प्राप्त गर्छ ।

थप जानकारीहरू: **www.returnnetwork.eu**

## ERRIN का साझेदार देशहरू

| | युरोपेली साझेदार संस्थाहरू |
|---|---|
| अस्ट्रिया | संघीय आन्तरिक मामिला मन्त्रालय |
| ग्रिस | आन्तरिक मामिला तथा प्रशासनिक पुनर्निर्माण मन्त्रालय |
| जर्मनी | संघीय आन्तरिक मामिला, निर्माण तथा समुदाय मन्त्रालय – आप्रवास तथा शरणार्थीसम्बन्धी संघीय कार्यालय |
| डेनमार्क | अध्यागमन तथा पुन: समायोजन मन्त्रालय |
| नर्वे | नर्वेजियाली अध्यागमन निर्देशनालय |
| नेदरल्यान्ड्स | न्याय तथा सुरक्षा मन्त्रालय – आगमन तथा प्रस्थान सेवा |
| फिनल्यान्ड | फिनिस अध्यागमन सेवा |
| फ्रान्स | आन्तरिक मामिला मन्त्रालय – अध्यागमन तथा पुन: समायोजनसम्बन्धी कार्यालय |
| बेल्जियम | शरणार्थी ग्रहणसम्बन्धी संघीय निकाय / संघीय अध्यागमन कार्यालय |
| माल्टा | गृह मामिला तथा राष्ट्रिय सुरक्षा मन्त्रालय |
| लक्जेमबर्ग | परराष्ट्र तथा युरोपेली मामिला मन्त्रालय |
| संयुक्त अधिराज्य | गृह मन्त्रालय |
| स्पेन | श्रम, आप्रवास तथा सामाजिक सुरक्षा मन्त्रालय – आप्रवास विभाग |
| स्विट्जरल्यान्ड | राज्यस्तरीय आप्रवास सचिवालय |
| स्विडेन | स्विडिस आप्रवास निकाय |

## हामीलाई सम्पर्क गर्नुहोस्

ERRIN पुनर्स्थापना कार्यक्रका सहयोग, नेपालका हरेक क्षेत्रका फिर्ताहरुले प्राप्त गर्न सकिन्छ ।

### कारितास नेपाल

**हामी तपाईंको सहयोगका लागि सधै तत्पर छौं!**


| | |
|---|---|
| **भेट्ने ठेगाना** | धोबीघाट (अजम्पसन क्याथोलिक चर्च नजिकै), ललितपुर (हुलाक ठेगाना: गो.हु.का. काठमाडौँ- पोस्ट बक्स नं. ९५७१, ९८७५) |
| **खुला रहने समय** | सोमबार – शुक्रबार<br>बिहान ९ बजे – बेलुका ५:३० बजे |
| ☎ | +९७७-१-५५३८१७२/५५४३७२६,<br>माबईल: ९८०१३१७४०१,९८०१३१७४६१ |
| @ | sylvia@caritas.org.np |
| 🌐 | www.caritasnepal.org |


तपाईंलाई कारितास नेपाललाई सम्पर्क गर्न कुनै समस्या परको खण्डमा कृपया कारितास इन्टरनेसनल बेल्जियममा सम्पर्क गर्नुहोला: **+३२ २ ६०९०६५३**

caritas international.be

नेपाल
नेपाली

फर्कने आप्रवासीहरूका लागि

# ERRIN को पुनर्स्थापना कार्यक्रम

european return and reintegration network


Co-funded by the Asylum, Migration and Integration Fund of the European Union

Migration in Action
Migratie in Beweging

## के तपाईं
## सहायता प्राप्त गर्न योग्य हुनुहुन्छ ?

यदि तपाईं नेपाली नागरिक हुनुहुन्छ र कुनै ERRIN को साझेदार देश (पर्चामा सूचीकृत*) बाट फर्कन चाहनुहुन्छ वा फर्कनु भएको छ भने तपाईं यस कार्यक्रमबाट लाभ प्राप्त गर्न योग्य हुन सक्नुहुन्छ ।

फिर्ता हुने व्यक्ति स्वैच्छिक वा गैर-स्वैच्छिक, जुनसुकै उमेर र जुनसुकै पृष्ठभूमिका हुन सक्छन्, यसमा निम्न व्यक्तिहरू पर्न सक्छन्:

- शरण माग्ने व्यक्तिहरू
- शरण दिन अस्वीकार गरिएको व्यक्तिहरू
- वैध वा अवैध आप्रवासीहरू
- एक्ला नाबालिगहरू
- जोखिममा रहेका अन्य व्यक्तिहरू

ERRIN पुनर्स्थापना सहयोग प्राप्त गर्न साझेदार देशको सम्बन्धित निकायले निर्धारण गर्छ । ती निकायद्वारा गरिने प्रमाणीकरण जाँचले योग्य भएको ठहर गरेपछि मात्र ERRIN पुनर्स्थापना सहायता प्रदान गरिने छ ।

## तपाईं
## कसरी आवेदन दिन सक्नुहुन्छ ?

तपाईंले ERRIN का साझेदार देशहरूमध्ये कुनै एक देशमा अवस्थित ERRIN को सम्पर्क स्थानमार्फत आवेदन दिन सक्नुहुन्छ । तपाईं आफ्नो सोसल वर्कर (सामाजिक कार्यकर्ता) वा परामर्शदातामार्फत थप जानकारी प्राप्त गर्न सक्नुहुन्छ।

ERRIN को साझेदार देशले अनुमोदन गरेपछि मात्र तपाईको पुनर्स्थापना सेवा सक्रिय गरिने छ ।

*कृपया याद राख्नहोस् कि यस सञ्चालका सबै साझेदार देशहरूले हाल नेपालका लागि ERRIN ले प्रदान गर्ने पुनर्स्थापना सहायता प्रयोग गर्दैनन् । यो कुरा परिवर्तन पनि हुन सक्छ । नवीनतम जानकारीका लागि आफ्नो परामर्शदातासँग बुझ्नहोस् ।

## कस्ता
## सहायताहरू उपलब्ध गराउन सकिन्छ ?

ERRIN कार्यक्रम अन्तर्गत फर्कने व्यक्तिहरुले स्वदेश फर्केपछि फेरि पुन: जीविको पार्जन सुरु गर्न कारितास नेपालमार्फत प्रदान गरिने फिर्ती तथा पुनर्स्थापना सम्बन्धी विभिन्न सेवाहरू प्राप्त गर्न योग्य हुन सक्नुहुन्छ ।

सेवाहरू समान रूपमा प्रदान गरिन्छ (अन्यथा उल्लेख गरिएको अवस्थामा बाहेक) र ती सेवाहरू तपाईं कहाँबाट आउनुभएको हो, तपाईंको पृष्ठभूमि के हो र तपाईंका निश्चित आवश्यकताहरूमा निर्भर रहेर फरक-फरक हुन सक्छन् ।

## पालना गर्नुपर्ने
## प्रक्रिया

### प्रस्थान गर्नुअघि

ERRIN को साझेदार देशको निकायले तपाईंको आवेदन अनुमोदन गरे पछि तपाईले पुनर्स्थापना सेवा सम्बधित आवश्यक सुचनाहरु कारितास नेपाल र कारितास इन्टरनेसनल बेल्जियम सँग जानकारी माग्न सक्नुहुन्छ ।

### तपाईं नेपाल आएपछि

कारितास नेपालले तपाईंलाई नेपाल फर्केपछि आधारभूत सहायता प्रदान गर्न सक्छ ।

- विमानस्थलबाट पिकअप गर्ने वा विमानस्थलमा लिन आउने व्यवस्था
- देशभित्र आगामी गन्तव्यमा जाने यातायात सहायता
- अस्थायी आवास सुविधा (अधिकतम ७ दिन)
- अत्यावश्यक चिकित्सकीय सहायताका लागि रिफर गर्ने व्यवस्था
- अन्य आधारभूत आवश्यकताहरू

## पुनर्स्थापना सेवाहरू

कारितास नेपालले उपलब्ध अनुदान रकमले भ्याएसम्म तपाईंको अवस्था र आवश्यकताहरूलाई ध्यानमा राख्दै तपाईंको अनुकूल हुने खालको पुनर्स्थापना सम्बन्धी योजना बनाउन तपाईंसँग मिलेर काम गर्ने छ । सेवाहरूमा निम्न कुराहरू पर्न सक्छन्:

- सामाजिक, कानुनी तथा चिकित्सकीय सहायता
- दीर्घकालीन आवास सहायता
- विद्यालय भर्ना तथा भाषासम्बन्धी तालिम
- रोजगारीमा लगाउनेसम्बन्धी सहायता
- प्राविधिक तथा व्यावसायिक तालिम
- व्यावसाय स्थापना गर्नेसम्बन्धी सहायता
- जोखिममा रहेका समूहहरूका हकमा थप सहायता

## हाम्रोबारे

**कारितास नेपाल** सन् १९९० मा गैर-नाफामुखी संस्थाका रूपमा स्थापना भएको थियो र हाल नेपालका ५० जिल्लाहरूमा यसको उपस्थिति रहेको छ । यसका गतिविधिहरूमा मानव ओसारपसार र एचआइभी एड्सको रोकथाम, जीवनयापन तथा क्षमता अभिवृद्धि कार्यक्रम, महिला तथा युवाहरूको सामाजिक-आर्थिक सशक्तिकरण, भुटानी शरणार्थी कार्यक्रम, फिर्ती तथा पुन: समायोजन, सुरक्षित आप्रवास अभियान र मानवीय कार्यहरू रहेका छन् ।

**कारितास इन्टरनेसनल बेल्जियम** (CIB) एक गैर-सरकारी संगठन हो र यसले ERRIN का विभिन्न साझेदार देशहरूबाट फर्कका आप्रवासीहरूलाई सहायता प्रदान गर्न कारितास नेपालसँग मिलेर काम गर्छ । CIB ले सन् २००७ देखि स्वैच्छिक फिर्तीको क्षेत्रमा राष्ट्रिय सरकारी कार्यक्रम लागू गर्न सेवा प्रदायकका रूपमा विश्वव्यापी रूपमा काम गरिरहेको छ ।